प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

# कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को सचिवालय

कोशी प्रदेश, विराटनगर

विशाल घिमिरे
प्रदेश सचिव

कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को प्रतिक चिन्ह (लोगो), मस्कट र नारा सम्बन्धी सूचना ।।।

प्रकाशित मितिः २०८१/०९/०५

कोशी प्रदेश पर्यटन वर्ष २०८२ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को दफा ८ बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिको मिति २०८१/०९/०४ को निर्णयानुसार कोशी प्रदेश सरकारले घोषणा गरेको कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को प्रतिक चिन्ह (लोगो), मस्कट र नारा तयार गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ इच्छुक व्यक्ति वा संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को प्रतिक चिन्ह (लोगो), मस्कट र नारा निर्माण गरी खामबन्दी गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र मन्त्रालयमा पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

*नारा सम्वन्धी शर्तहरुः*

१. आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्ने विशेषता समेटिएको हुनुपर्ने,
२. नारा बढिमा १० शब्द भित्रमा (सकेसम्म लयमा आउनसक्ने) हुनुपर्ने,
३. कोशी प्रदेशको भौगोलिक, प्राकृतिक, साँस्कृतिक एवं मौलिक पहिचान झल्कने हुनुपर्ने,

*लोगो सम्वन्धी शर्तहरुः*

१. समग्र कोशी प्रदेशको प्रतिविम्ब झल्कने हुनुपर्ने,
२. 'कोशी प्रदेश पर्यटन वर्ष २०८२' को नाम अनिवार्य समावेश हुनुपर्ने,
३. बहुरंगमा छपाई गरी प्रयोगमा ल्याउन सकिने हुनुपर्ने,
४. प्रयोग गरिएका संकेतहरुको संक्षिप्त व्याख्या गरेको हुनुपर्ने,

*मस्कट सम्वन्धी शर्तहरुः*

१. कोशी प्रदेशमा पाइने प्रख्यात जनाबर हुनुपर्ने,
२. बहुरंगमा छपाई गरी प्रयोगमा ल्याउन सकिने हुनुपर्ने,

लोगो, मस्कट र नाराका लागि आवश्यक अन्य शर्तहरु

१. लोगो, मस्कट र नारा छुट्टाछुट्टै खामबन्दीमा हुनुपर्नेछ र सोको डिजिटल कपी मन्त्रालयको इमेल moitfepradesh1@gmail.com मा पठाउनुपर्नेछ ।
२. कुनै पनि धार्मिक, जातीय तथा साम्प्रदायिक विभेद झल्किने, सामाजिक सद्भावमा खलल पर्ने तथा नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डतामा प्रतिकुल असर पर्ने संकेत गर्न नपाइने,
३. अन्यत्रबाट नक्कल नगरिएको हुनुपर्ने र Artificial Intelligence (AI) को प्रयोग नगरी निर्माण गरिएको भनी स्व-घोषणा गरिएको हुनुपर्ने,
४. एक व्यक्ति वा संस्थाले कुनै एक क्षेत्र वा तिन वटै क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्नेछ तर प्रत्येक क्षेत्रमा एउटा मात्र नमूना पेश गर्न पाउने,
५. प्रतिक चिन्ह (लोगो), मस्कट र नारा छनौट सम्बन्धी सम्पूर्ण अधिकार यस मन्त्रालय/सचिवालयमा हुने,
६. छनौट भएको प्रतिक चिन्ह (लोगो), मस्कट र नाराको सर्वाधिकार यस मन्त्रालय/सचिवालयलाई रहनेछ र प्रतिक चिन्ह (लोगो), मस्कट र नाराको प्रयोग मन्त्रालय/सचिवालयको स्वीकृति बेगर अन्यत्र गर्न पाइने छैन,

प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

**कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को सचिवालय**

कोशी प्रदेश, विराटनगर

७. प्राप्त भएको कुनै प्रतिक चिन्ह (लोगो), मस्कट र नारामा आवश्यक परिमार्जन गर्न आग्रह गरिएमा सो अनुसार परिमार्जन गरिदिनुपर्नेछ,

८. पेश गर्ने व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी र संस्थाको हकमा दर्ता/नवीकरण प्रमाणपत्र तथा कर चुक्ताको प्रमाण समेत पेश गर्नुपर्नेछ,

९. लोगो र मस्कट A3 साइजमा हुनुपर्ने,

१०. कार्यालयलाई प्राप्त लोगो, नारा र मस्कट मूल्याङ्कन समितिको निर्णयानुसार नतिजा प्रकाशन गरिनेछ ।

११. छनौट भएको लोगोलाई रु. ५०,०००/-, मस्कटलाई रु. २५,०००/- र नारालाई रु. १०,०००/- नियमानुसार करकट्टी गरी प्रदान गरिनेछ ।

विशाल घिमिरे
प्रदेश सचिव